# विधायी संशोधनद्वारा Sअवरोधहरु हटाउँदै

विधायी संशोधन पछि, त्यस्ता पोर्टेबल उपकरणका हकदारहरुलाई ती उपकरणहरु सधैं प्रभावकारी कार्य अवस्थामा राख्ने वैधानिक दायित्व र RFSICs द्वारा प्रत्येक 12 महिनामा कम्तिमा एक पटक गरिने निरीक्षणबाट छुट दिइनेछ ।

# पोर्टेबल उपकरणहरूको अनुमोदित प्रक्रिया

- । पोर्टेबल उपकरण एक आगो नियन्त्रण गर्ने, निभाउने, अग्नि रोकथाम वा कम गर्ने उद्देश्यका निम्ति निर्माण, प्रयोग वा डिजाइन गरिएको एउटा सिंगो अग्नि सेवा उपकरण हो ।
- । उपकरणको कार्यविधि र सुरक्षालाई ध्यानमा राख्दै, सबै पोर्टेबल उपकरणहरु हङकङमा बिक्री वा आपूर्ति गर्नु अघि अग्नि सेवा निर्देशकले अनुमोदन गर्नेछ ।
- अनुमोदित पोर्टेबल उपकरणहरुको सूची निर्देशकले राख्नेछ र सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष कम्तिमा एक पटक सरकारी राजपत्रमा प्रकाशित गरिनेछ



# सो छुट निम्न कुराहरुमा लागू हुँदैन:

- न्यूनतम अग्नि सेवा जडान तथा उपकरणहरुको कोड अफ प्रयाक्टिस(अभ्यास नीति)अनुसार जडान गरिएको पोर्टेबल उपकरणहरु
- । विभिन्न कानून अन्तर्गत अनुमतिपत्र वा दर्ता प्राप्त गर्न आवश्यक पर्ने परिसरहरु
- निजी भवनको साझा क्षेत्र, जस्तै करिडोर, लबीहरु, सिँढीहरु, इत्यादि मा स्वेच्छिक रुपमा जडान गरिएको पोर्टेबल उपकरणहरु

# पोर्टेबल उपकरणहरुको परीक्षण



- । पोर्टेबल उपकरणहरुले प्रभावकारी रुपमा काम गरिरहेको छ भनी सुनिश्चित गर्न, FSD ले निजी परिसरहरुमा पोर्टेबल उपकरणका हकदारहरुलाई स्वंयम ती उपकरणहरुको नियमित जाँच गर्न प्रोत्साहन गर्दछ ।



- यदि अग्नि नियन्त्रक उपकरणमा खिया लागेमा, रसाएमा वा बिग्रिएको देखा परेमा तुरुन्तै यसको प्रयोग रोक्नुहोस् र पंजीकृत अग्नि सेवा जडान गर्ने ठेकेदारद्वारा त्यसको विस्तृत निरीक्षण गर्ने व्यवस्था मिलाउनुहोस् ।

# निजी परिसरहरुमा पोर्टेबल उपकरणको अधिक रुपमा स्वैच्छिक प्रयोजनका लागि प्रचार





हङकङ अग्नि सेवा विभाग

स्ट्यान्ड-अलोन फायर डिटेक्टरहरुको व्यापक प्रयोग बारे प्रचार

- 2021मा अग्नि सेवा (जडान तथा उपकरण) नियमहरु परिमार्जन गरियो जसमा कुनै पनि भवन/परिसरका मालिकहरु/ बाहालवालाहरुले स्वैच्छिक रुपमा जडान गरेको कुनै पनि स्ट्यान्ड-अलोन फायर डिटेक्टरहरु मर्मतसम्महार गर्न, जडान गर्न, निरीक्षण वा मर्मत गर्नका निम्ति अग्नि सेवा जडान गर्ने पंजीकृत ठेकेदारहरुलाई संलग्न गराउन आवश्यक पर्दैन।

- । यसबाहेक, त्यस्ता उपकरणका हकदारहरुलाई ती उपकरणहरुलाई सधैं प्रभावकारी कार्य अवस्थामा राख्ने वैधानिक दायित्वबाट र RFSICs द्वारा प्रत्येक 12 महिनामा कम्तिमा एक पटक गरिने निरीक्षणबाट छुट दिइनेछ ।




## निजी परिसरहरुमा लक्षित अग्नि सुरक्षाका उपायहरु

FSD ले बासिन्दाहरुलाई आगो लागेको समयमा “आकस्मिक तयारीका लागि तीन आधारभूत सीपहरु" अधिक प्रयोग गरी निर्देशित अग्नि सुरक्षाका उपायहरु अपनाउन पर्ने आवश्यकता देखेको छ ।

। FSD ले सुरक्षित तवरले पोर्टेबल उपकरणहरु लगायत FSI/E को प्रयोग बारे सर्वसाधारणहरुलाई शिक्षा दिँदै आईरहेको छ ।



पोर्टेबल उपकरणका हकदारहरुले अग्नि सेवा (जडान र उपकरण) नियमहरु अन्तर्गत वैधानिक दायित्वहरु पालन गर्न आवश्यक छ र ती वैधानिक आवश्यकताहरु पूरा गर्नको निम्ति अग्नि सेवा जडान गर्ने पंजीकृत ठेकेदारलाई लागत खर्च भुक्तान गर्न आवश्यक छ । यस सम्बन्धमा, FSD ले विधायी संशोधनको माध्यम द्वारा निजी परिसरमा अनुमोदित पोर्टेबल उपकरणहरुको स्वैच्छिक प्रयोजनलाई प्रोत्साहित गर्ने योजना बनाएको छ ।

## निजी परिसरहरुमा पोर्टेबल उपकरणको अधिक रुपमा स्वैच्छिक प्रयोजनका लागि प्रचार

- पोर्टेबल उपकरणहरू, जस्तै अग्नि नियन्त्रक उपकरणहरु र फायर बल्याङकेटहरु, प्रारम्भिक चरणमा आगो निभाउन प्रभावकारी हुन्छ र सर्वसाधारणहरुलाई अनुमोदित पोर्टेबल उपकरणहरू आफ्नो घरको परिसरमा राख्नु सुरक्षित र विवेकपूर्ण हुन्छ।

- सर्वसाधारणहरुले निजी परिसरहरुमा आफ्नो इच्छा अनुसार पोर्टेबल उपकरणहरूको व्यापक प्रयोगको प्रवर्द्धनले प्रभावकारी रूपमा सर्वसाधारणको घरहरुमा अग्नि सुरक्षाको क्षेत्रलाई विस्तार गर्दछ।

यदि तपाईलाई थप जानकारी चाहिएमा, कृपया अग्नि सेवा विभागलाई सम्पर्क गर्न नहिचकिचाउनुहोस्:
ईमेल: domestic_portable_e@hkfsd.gov.hk

**हङकङ अग्नि सेवा विभाग (FSD)**